# विजयनगर गाउँपालिका सेवा प्रवाहको मापदण्ड पालनाको समिक्षा प्रतिवेदन

# विजयनगर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

खुरुहुरीया कपिलवस्तु

## परिचयः

नेपालको संविधान प्रचलित संघीय प्रदेश तथा स्थानीय कानुन बमोजिम जनतालाई प्रत्याभूत भएका सार्वजनिक सेवाहरुमा सुशासन कायम गर्न संघीय शासन व्यवस्थाको मर्म तथा जनताको सबैभन्दा नजिकको सरकार भएकाले सेवाप्रवाह निरन्तर अनुगमन परिमार्जन तथा सूचना प्रविधिमा आधारित बनाउने व्यवस्था भए बमोजिम विजयनगर गाउँपालिकाको यो समीक्षा प्रतिवेदन तयार गरिएको छ।

## अध्ययनका उद्धेश्यहरुः

१ वडा तथा गाउँपालिकाबाट प्रदान गरिने सेवाको सुनिशितता गर्नु

२ प्रविधिमैत्री सेवा प्रवाह गर्नु

३ कर्मचारीहरुको उच्च नैतिक परित्र आचरण र असल मानवीय सम्बन्ध स्थापित गर्नु

४ सेवाको लाभ लक्षित समूहसँग पुयाउनु सहयोग पुयाउनु

५ सुशासन प्रवर्द्धन गर्नु ।

## गतिविधिहरुः

### सेवाको विस्तारः

स्थानीय तहको सेवालाई जनमुखी बनाउन प्रविधि र सूचनाको प्रयोग गरी ७ वडा तथा शाखामा ईन्ट्रनेट जडान गरी पूर्ण रुपमा व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा अनलाईन मार्फत इन्ट्री गर्ने सरुवात भएको साथै सामाजिक सुरक्षा बैङ्किन प्रणलिबाट भुक्तानी गरीएको । विद्युतीय हाजिरी सम्पूर्ण वडा कार्यालयमा जडान गरी कर्मचारीको हाजिरी अभिलेख अनलाईन मार्फत हर्न सकिने भएको छ ।

### पारदर्शिता र सूचनाको अवस्थामा सुधारः

व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा अनलाईन मार्फत इन्ट्री गर्ने सरुवात भए सँगै सुद्धिकरण भएको छ । कोभिड १९ को दैनिक तथ्य तथ्यांकको सार्वजनिक गरी जनताको सुसूचित अधिकारलाई सम्मान गर्नुका साथै नगरपालिका सूचना उजुरी तथा अन्य समस्याको सुनुवाईमा जोड दिइएको छ । कार्यालमा उजुरी पेटीका नागरिक वडापत्र डेस्कको व्यवस्था गरिएको छ ।



**सुझावहरु**

१ गाउँपालिकाले प्राप्त गर्नु पर्ने किसिमका सेवाहरु घर दैलो सम्म पुयाउन घम्ति सेवालाई जोड दिनु पर्ने ।

२ मागमा आधारित कार्यक्रमहरुलाई प्राथमिता दिने

३ कर्मचारीहरुको आचरण र व्यवहार अझै परिष्कृत गर्दै मुस्कान सहितको सेवामा जोड दिने ।

४ प्रविधिमैत्री सेवालई प्रवर्द्धन गरिनुपर्ने ।